# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाहबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति : २०८१।१०।०४
बैठक प्रारम्भ:

बैठक संख्या : १५
बैठक समापन समय :

आ.व. ०८१।०८२ को चौधौं कार्यपालिका बैठक मिति २०८१।१०।०४ गते शुक्रबारका दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यपालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो।

उपस्थिति:

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री ईश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राज कुमार राई | वडाध्यक्ष वडा नं. २ | | |
| ५. | श्री दिल बहादुर तामाङ | वडाध्यक्ष वडा नं ३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिम्बु | वडाध्यक्ष वडा नं. ५ | | |
| ८. | श्री जितेन्द्र ओनेम फागो | वडाध्यक्ष वडा नं. ६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | कविता | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | बेलकुमारी | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

# सभापोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति : २०८१।१०।०४
बैठक प्रारम्भः

बैठक संख्या : १५
बैठक समापन समय :

### अन्य उपस्थित

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दिनेश मेवाहाङ्ग राई | ईन्जिनियर | | |
| २ | दिपा पोखरेल | जनस्वास्थ्य निरिक्षक | | |
| ३ | हरि किरण बस्नेत | लेखापाल | | |
| ४ | प्रमोद कुमार महतो | सब-ईन्जिनियर | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |

CamScanner

सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।१०।०४ मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:

| क्र.सं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | आगोलागि पिडितलाई तत्कालिन राहत बितरणको रकम भुक्तानी सम्बन्धमा। | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिका अन्तर्गतका वडा नं ६ को नयाँबस्ती बजारमा २०८१ साल माघ २ गते बुधबार अचानक आगोलागी भई ५ घर पूर्णरुपमा क्षती भएको, १० परिवार विपद पिडित भएकोले गाउँपालिकाबाट तत्काल बितरण गरिएको राहत प्रति परिवार ग्यास चुलो १/१सेट, ओड्ने ओछयाउने ५ परिवारलाई २/२ सेट र अन्य परिवारलाई १/१सेट, भाँडा बर्तन १/१सेट, खाद्यान्न तर्फ चामल १/१ बोरा, आलु दाल ५/५ के. जी., नुन २/२ पोका, खाने तेल १/१ लिटरका दरले बितरण गर्दा हुन आएको रकम रु २,६०,२००।- बिपद व्यबस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो। |
| २ | आगोलागी पिडित पुनर्स्थापनाको लागि गाउँपालिकास्तरीय विपद व्यबस्थापन कोषबाट नगद आर्थिक सहयोग सम्बन्धमा। | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिका अन्तर्गतका वडा नं ६ को नयाँ बस्ती बजारमा २०८१ साल माघ २ गते बुधबार अचानक आगोलागी भई ५ घर पूर्णरुपमा क्षती भएको ३ घर परिवारहरु श्री निर्मला कालाखेती तामाङ, लाल बहादुर लिम्बु, राम बहादुर राईलाई निर्माण कार्य सुरु भए पश्चात दुई किस्तामा रु १,००,०००।- एक लाखका दरले आर्थिक सहायता दिने निर्णय गरियो।<br>अन्य ४ परिवार श्री गीता लिम्बु, सल बहादुर लिम्बु, उर्मिला लिम्बु र अनुस्का लिम्बुलाई प्रति परिवार नगद रु १५,०००।- का दरले आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| ३ | आगोलागि पिडितलाई जनप्रतिनिधि तथा कर्मचारीबाट आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा। | प्रस्ताब माथि छलफल गर्दा सभापोखरी गाउँपालिका अन्तर्गतका वडा नं ६ को नयाँबस्ती बजारमा २०८१ साल माघ २ गते बुधबार भएको आगोलागीबाट भएका पीडीतहरुलाई जनप्रतिनिधीहरु मध्ये गाउँपालिका अध्यक्ष, उपाध्यक्षज्यूहरुले प्रतिव्यक्ति रु १०,०००।-, वडाध्यक्षज्यूहरुले प्रतिव्यक्ति रु ५,०००।-, कार्यपालिका सदस्यज्यूहरुले प्रतिव्यक्ति रु २,०००।-, वडा सदस्यज्यूहरुले प्रतिव्यक्ति रु १,०००।- र गाउँपालिकाबाट तलब भत्ता उपलब्ध गराउने कर्मचारीहरुको हकमा निजले खाईपाई आएको तलब स्केलको प्रतिव्यक्ति एक दिनले हुन आउने रकम पिडितलाई उपलब्ध गराउने निर्णय गरियो। उक्त रकम गाउँपालिकाको विपद व्यवस्थापन कोषमा जम्मा गरि भुक्तानी गर्ने निर्णय गरियो।<br>साथै सभापोखरी गाउँपालिका स्थित सामुदायिक विद्यालयमा कर्यारत शिक्षक तथा विद्यालय कर्मचारीहरुको शुरु तलब स्केलको एक दिन बराबरको तलब कट्टा गरि आगोलागि पिडितलाई भुक्तानी गर्न गाउँपालिका विपद व्यवस्थापन कोषमा दाखिला गर्न सम्बन्धित विद्यालयलाई पत्राचार गर्ने निर्णय गरियो। |

नैनकुमारी

CamScanner